# “जिल्ला स्तरीय परीक्षा प्रणाली र सिकाइ उपलब्धिको विश्लेषण”

शोधार्थी
चुडामणि नेपाल

शैक्षिक योजना तथा व्यवस्थापन विभाग
सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ्ग

# कृतज्ञता

प्रस्तुत शोधपत्र तयार गर्नकालागि सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ्ग, शैक्षिक योजना तथा व्यवस्थापन विभागले “जिल्ला स्तरीय परीक्षा प्रणाली र सिकाइ उपलब्धिको विश्लेषण” शीर्षकमा शोध कार्य गर्ने स्वीकृति दिएर मेरो चाहनालाई प्रोत्साहित गरेकोमा म सम्बन्धित बिभागमा कार्यरत गुरु श्री खगेन्द्र लुइँटेल, क्याम्पस प्रमुख श्री पितकुमार श्रेष्ठ, श्री भोजराज घिमिरे लगायत सम्पूर्ण गुरुहरुमा कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

शोध निर्देशक तथा सल्लाहकार श्रद्वेय गुरु खगेन्द्र लुइँटेल ज्यूले आफ्नो व्यस्तताका बाबजुतपनि आफ्नो अमुल्य समय दिई मेरो यो लेखन कार्यमा मार्गदर्शन  गर्नु भएकोमा म आफूलाई उहाँप्रति ऋणी सम्झन्छु र उहाँप्रति विशेष कृतज्ञता प्रकट गर्दछु ।

यो शोध कार्यकालागि आवश्यक सहयोग, सल्लाह प्रदान गर्नुहुने श्री फिक्कल उ.मा.वि. मा कार्यरत सहकर्मी मित्र श्री भुपाल निरौला र शोध कार्यकालागि आवश्यक अध्ययन सामग्री उपलब्ध गराउनुहुने सहपाठी तथा सुकुना बहुमुखी क्याम्पसका लाइब्रेरियन श्री देवराज गिरीप्रति हार्दिक आभार प्रकट गर्दछु । यसैगरी शोधपत्र तयार गर्ने कार्यमा विभिन्न तथ्याङ्क, सल्लाह, सुझाव प्रदान गर्नुहुने सम्बन्धित विद्यालयहरुका प्रधानाध्यापक, शिक्षकहरु, अभिभावक, वि.व्य.स., शि.अ.संघ का पदाधिकारी ज्यूहरु एवं विद्यालयसँग सरोकार राख्ने अन्य व्यक्तित्वहरु जसले आफ्नो मनमा लागेका सुझाव एवं सल्लाह दिनुभयो, उहाँहरुप्रतिपनि आभार व्यक्त गर्दछु ।

लेखन कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्ने श्रीमती यसोदा नेपाल र छोरीहरु डेनिसा र नीतिशाप्रति कृतज्ञ छु । कम्प्यूटर टाइपिङ एवं सम्पादन गरिदिने युनिभर्सल कम्प्युटर इन्स्टिच्युट, फिक्कलका सरोज लेप्चालाई विशेष धन्यवाद दिन चाहन्छु । यो शोधपत्रले जिल्लास्तरीय परीक्षा प्रणाली र सामुदायिक एवं संस्थागत विद्यालयका विद्यार्थीहरुको सिकाई उपलब्धिको विश्लेषण गर्न मात्र नभएर शिक्षा सम्बद्ध अन्य अन्य क्षेत्रहरुको उपलब्धिको अध्ययनका लागि मार्गनिर्देश गर्न सहयोग पुर्‍याउला भन्ने आशा लिएको छु । अन्त्यमा यो शोध पत्रलाई मूल्याङ्कन गर्नकालागि शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ मा पेश गर्दछु ।

चुडामणि नेपाल

# शोधसार

त्रि.वि.वि शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय बर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि "जिल्लास्तरीय परीक्षा प्रणाली र सिकाइ उपलब्धिको विश्लेषण" शिर्षकको शोधपत्र तयार गरिएको छ । परिच्छेद एक देखि पाँच सम्म विभाजन गरिएको यो शोधपत्रमा पहिलो परिच्छेदमा विषयवस्तुको परिचय, समस्याको कथन, अध्ययनको औचित्य, उद्देश्य र परिसीमा जस्ता विषयवस्तुलाई समावेश गरिएको छ । अध्ययनको उद्देश्य अन्तर्गत निम्न माध्यमिक तहको *जिल्लास्तरीय परीक्षा संचालन प्रक्रियाको अवस्था पहिचान गर्ने, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको सिकाइ उपलब्धिको तुलना गर्ने र विद्यार्थीहरुको उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरुको विश्लेषण गरी समस्या समाधानको लागि उपयुक्त सुझावहरु दिनु* समेत रहेको छ । अध्ययनको विषय व्यापक भएकोले इलाम जिल्ला अन्तर्गत करफोक श्रोतकेन्द्र भित्रका विगत चार बर्षदेखि जिल्लास्तरीय परीक्षामा समावेश भएका तीन/तीनवटा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको उपलब्धिको तुलना गरिएको छ । अनुसन्धानको सिलसिलामा यसको प्रकृति अनुसार तथ्याङ्क सङ्कलन गर्दा आवश्यकत्तानुसार *प्राथमिक र सहायक विधिहरु*को अवलम्बन गर्नुपर्ने भएकोले शोधकर्ताद्वारा सम्बन्धित *जि.शि.का., छनौट भएका विद्यालयहरुमा आफैं प्रत्यक्ष भेटघाट, कुराकानी, प्रश्नावलीहरु जस्ता प्राथमिक साधनहरुको प्रयोग गरिएको छ भने जि.शि.का. र सम्बन्धित विद्यालयहरुबाट जिल्लास्तरीय परीक्षाको परीक्षाफल सम्बन्धि तथ्याङ्क र अन्य आवश्यक तथ्याङ्कहरु* समेत सङ्कलन गरिएको छ ।

परिच्छेद चारमा इलाम जिल्ला अन्तर्गत *करफोक श्रोतकेन्द्र भित्रका सामुदायिक र संस्थागत विद्यालयहरुको जम्मा भर्ना, परीक्षामा समावेश, अनुपस्थित, उत्तीर्ण, अनुत्तीर्ण तथा छात्रछात्रा उत्तीर्ण, अनुत्तीर्ण दरका आधारमा जिल्लास्तरीय परीक्षाको विगत चार बर्षको परीक्षाफलको तालिका प्रस्तुति र विश्लेषण गरिएको छ ।* यस परिच्छेदमा छनौट भएका विद्यालयहरुको विगत चारबर्ष सम्मको औषत उत्तीर्ण, औषत अनुत्तीर्ण दर निकाली सामुदायिक र संस्थागत तथा छात्रछात्रावीच उपलब्धिको तुलना एवं विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्र अनुसार सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयहरुको सिकाइ उपलब्धि राम्रो हुनुका कारणहरु, *संस्थागत विद्यालयहरुले आफ्नो भौतिक तथा मानवीय*

*श्रोतहरुलाई अधिकतम उपयोग गर्ने गरेकाले नै हो ।* सामुदायिक विद्यालयहरुले पनि आगामी दिनहरुमा आफ्नो श्रोत र साधनहरुलाई सकेसम्म प्रयोग गर्न शिक्षक विद्यार्थी, अभिभावक र शैक्षिक प्रशासन निरन्तर रुपमा लाग्नुपर्ने देखिन्छ । शोधपत्रको निष्कर्षमा के भन्न सकिन्छ भने *सामुदायिक विद्यालयहरुमा नेपाल सरकारको ठूलो लगानी भएरपनि शैक्षिक कायक्रमहरुको प्रभावकारी कार्यान्वियनको अभावले गर्दा प्रतिफलमा खासै सुधार हुन सकेको छैन ।* २०६३-२०६६ साल सम्मको सामुदायिक विद्यालयहरुको कूल उत्तीर्ण ६५.४६ प्रतिशत र संस्थागत विद्यालयहरुको ९९.३२ प्रतिशत विद्यार्थीहरु उत्तीर्ण भएका छन् । सामुदायिक विद्यालयमा छात्रा उत्तीर्ण दर ज्यादा छ भने संस्थागत विद्यालयहरुमा छात्रछात्राको उपलब्धि लगभग समान खालको छ । *सामुदायिक विद्यालयमा बढी संख्यामा छात्राहरु र संस्थागत विद्यालयहरुमा छात्रहरु भर्ना हुनुले इलाम जिल्लामा न्यून मात्रामा भएपनि अझै लैङ्गिक विभेद रहेको देखिन्छ ।*

# विषय सूची

## परिच्छेदः एक
## परिचय


| | पेज नं. |
|---|---|
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ६ |
| १.३ अध्ययनको औचित्य | ७ |
| १.४ अध्ययनको उद्देश्य | ८ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरु | ८ |
| १.६ अध्ययनको परिसीमा | ८ |
| १.७ महत्वपूर्ण शब्दहरुको परिभाषा | ९ |


## परिच्छेदः दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका


| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | १० |
| २.२ सैद्धान्तिक खाका | १५ |
| २.३ शैक्षिक उपादेयता | १८ |


## परिच्छेद :तीन

## अध्ययन विधि


| | |
|---|---|
| ३.१ अनुसन्धानात्मक ढाँचा | २० |
| ३.२ तथ्याङ्क संकलन प्रक्रिया | २० |
| ३.२.१ जनसंख्या | २० |
| ३.२.२ नमूनाको आकार | २० |
| ३.२.३ नमूना छनौटको विधि | २१ |
| ३.२.४ नमूना छनौटको आधार | २१ |

३.३ अनुसन्धानका साधनहरु २१
३.४ तथ्याङ्कका श्रोतहरु २२
३.४.१ प्राथमिक श्रोतहरु २२
३.४.२ द्वितीय श्रोतहरु २२
३.५ तथ्याङ्कको प्रस्तुति, विश्लेषण र व्याख्या २२

## परिच्छेदः चार

## तथ्याङ्कको विश्लेषण र व्याख्या

४.१ छनोटमा परेका तीन वटा सामुदायिक विद्यालयहरुको तालिका, प्रस्तुति र विश्लेषण २३
४.२ छनोटमा परेका तीनवटा संस्थागत विद्यालयहरुको तालिका, प्रस्तुति र विश्लेषण २८
४.३ सामुदायिक र संस्थागत विद्यालयहरुको जिल्लास्तरीय परीक्षाको उपलब्धिको तुलनात्मक स्थिति ३३
४.४ सामुदायिक र संस्थागत विद्यालयका छात्र–छात्राहरुको जिल्लास्तरीय परीक्षामा प्राप्त उपलब्धिको तुलनात्मक स्थिति ३४
४.५ जिल्लास्तरीय परीक्षाको उपलब्धिलाई प्रभाव पार्ने तत्वहरु पत्ता लगाई निराकरण गर्नका लागि शिक्षासँग सम्बन्धित व्यक्तिहरु (शिक्षक, विद्यार्थी, अभिभावक)को प्रतिक्रिया विश्लेषण ३६
४.६ शिक्षासंग सम्बन्धित अन्य व्यक्तिहरुको प्रतिक्रिया ४७

## परिच्छेदः पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरु

५.१ प्राप्तिहरु ५०
५.२ निष्कर्ष ५१
५.३ सुझावहरु ५२
सन्दर्भ सामाग्रीहरु
अनुसूचीहरु

# तालिका सूची

## शीर्षक


. पेज नं.

श्री करफोक विद्यामन्दिर उ.मा.वि.बाट २०६३–०६६ सम्मको जिल्लास्तरीय परीक्षाको परीक्षाफल २३

श्री फिक्कल उ.मा.वि.वाट २०६३–२०६६ सम्मको जिल्ला स्तरीय परीक्षाको परीक्षाफल २४

श्री कृष्णाश्रम उच्च मा.वि.वाट २०६३–२०६६ सम्मको जिल्ला स्तरीय परीक्षाको परीक्षाफल २४

सामुदायिक विद्यालयको जिल्ला स्तरीय परीक्षा (२०६३–२०६६)को समष्टिगत उपलब्धि २५

सामुदायिक विद्यालयको जिल्लास्तरीय परीक्षा(२०६३–२०६६)को उत्तीर्ण/ अनुत्तीर्ण/अनुपस्थित प्रतिशत २७

श्री सनराइज इङ्लिश वोर्डिङ्ग स्कूलवाट २०६३–२०६६ सम्मको जिल्लास्तरीय परीक्षाको परीक्षाफल २८

श्री एभरलेण्ड इङ्लिश वोर्डिङ स्कूलवाट २०६३–२०६६सम्मको जिल्ला स्तरीय परीक्षाको परीक्षाफल २९

श्री पंचकन्या आवासीय मा. विद्यालयवाट २०६३–२०६६ सम्मको जिल्ला स्तरीय परीक्षाको परीक्षाफल २९

संस्थागत विद्यालयको जिल्लास्तरीय परीक्षा (२०६३–२०६६) को समष्टिगत उपलब्धि ३०

संस्थागत विद्यालयको जिल्लास्तरीय परीक्षामा प्राप्त परिणाम प्रतिशत तालिका ३२

सामुदायिक र संस्थागत विद्यालयहरुको जिल्लास्तरीय परीक्षामा प्राप्त उपलब्धि ३३

जिल्लास्तरीय परीक्षा (२०६३–२०६६)मा छात्र–छात्राहरुको उपलब्धि तालिका ३५

शिक्षकको प्रतिक्रिया विश्लेषण ३७

विद्यार्थीको प्रतिक्रिया विश्लेषण ४२

अभिभावकहरुको प्रतिक्रिया विश्लेषण ४४

# चित्र सूची

## शीर्षक


पेज नं.

सामुदायिक विद्यालयको जिल्लास्तरीय परीक्षाको उपलब्धि (२०६३–२०६६) २६

सामुदायिक विद्यालयहरुको जिल्लास्तरीय परीक्षाको उपलब्धि (२०६३–२०६६), बृत्तचित्रमा २६

(क) सामुदायिक विद्यालयहरुको जिल्लास्तरीय परीक्षा(२०६३–२०६६) मा उत्तीर्ण/अनुत्तीर्ण विद्याथी २६

(ख) सामुदायिक विद्यालयहरुको जिल्लास्तरीय परीक्षा(२०६३–२०६६) मा छात्र/छात्राको उपलब्धि २६

सस्थागत विद्यालयको जिल्लास्तरीय परीक्षाको उपलब्धि (२०६३–२०६६) ३१

संस्थागत विद्यालयको जिल्लास्तरीय परीक्षाको उपलब्धि (२०६३-२०६६) बृत्तचित्रमा ३१

क) संस्थागत विद्यालयको जिल्ला स्तरीय परीक्षा(२०६३-२०६६)मा उत्तीर्ण/ अनुत्तीर्ण विद्यार्थी ३१

ख) संस्थागत विद्यालयको जिल्लास्तरीय परीक्षा(२०६३-२०६६)मा छत्रछात्राको उपलब्धि ३१

सामुदायिक र संस्थागत विद्यालयहरुको जिल्लास्तरीय परीक्षा (२०६३-२०६६) को औसत उपलब्धि ३३

क) सामुदायिक विद्यालयको जिल्लास्तरीय परीक्षाको औसत उपलब्धि ३३

ख) संस्थागत विद्यालयको जिल्लास्तरीय परीक्षाको औसत उपलब्धि ३३

ग) सामुदायिक र संस्थागत विद्यालयको जिल्लास्तरीय परीक्षा(२०६३-२०६६)को उपलब्धि ३४

जिल्लास्तरीय परीक्षा (२०६३–२०६६) मा छात्रछात्राहरुको उपलब्धि ३५

# संक्षिप्त शब्दावली

| | | |
|---|---|---|
| SSRP | - | School Sector Reform Programme |
| CERID | - | Research Cenre for Educational Innovation and Development |
| CIPP | - | Context Input Process and Product Evaluation |
| S.L.C. | - | School Leaving Certificate |
| FOE | - | Faculty of Education |
| प्रा.वि. | – | प्राथमिक विद्यालय |
| नि.मा.वि. | – | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | – | माध्यमिक विद्यालय |
| उ.मा.वि. | – | उच्च माध्यमिक विद्यालय |
| रा.शि.प.यो. | – | राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ |
| रा.शि.आ. | – | राष्ट्रिय शिक्षा आयोग |
| त्रि.वि.वि. | – | त्रिभुवन विश्व विद्यालय |
| जि.शि.का. | – | जिल्ला शिक्षा कार्यालय |
| प.नि.का. | – | परीक्षा नियन्त्रण कार्यालय |
| जि.शि.अ. | – | जिल्ला शिक्षा अधिकारी |
| वि.नि. | – | विद्यालय निरीक्षक |
| प्र.अ. | – | प्रधानाध्यापक |
| गा.वि.स. | – | गाउँ विकास समिति |
| न.पा. | – | नगरपालिका |
| क्र.सं. | – | क्रम संख्या |
| ई.सं. | – | ईस्वी सम्वत |
| वि.सं. | – | विक्रम सम्वत |
| वि.व्य.स. | – | विद्यालय व्यवस्थापन समिति |
| शि.अ.संघ | – | शिक्षक अभिभावक संघ |